# <u>उद्देश्य र कारण</u>

आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम विनयोजन गर्न र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गरिएको छ।

प्रस्तुत विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार, प्रदेश सञ्चित कोषबाट प्रदेश सरकारका निकायले प्रदान गर्ने सेवा र कार्यका लागि विनियोजन गरिएको रकम तथा खर्च गर्न सक्ने व्यवस्था गरेको छ।

<u>द्रष्टव्यः</u> यो विधेयक अर्थ विधेयक हो।

रामजी प्रसाद बराल (जीवन)
अर्थमन्त्री
गण्डकी प्रदेश

# <u>आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना:</u>** आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट सम्बन्धित निकायलाई रकम विनियोजन गर्न र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन सम्बत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **<u>आर्थिक वर्ष २०७९/०८० को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:</u>** आर्थिक वर्ष २०७९/०८० को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ बमोजिम चालु, पुँजीगत र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू. ३५,८९,२१,६२,०००/- (अक्षेरुपी पैतीस अर्ब उनान्नब्बे करोड एक्काइस लाख बैसठ्ठी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजन:</u>** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त प्रदेश सरकारका

अनुसूची-२ बमोजिमका निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिने छ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ मा उल्लिखित बजेट प्रदेश सरकारका निकायले गर्ने सेवा र कार्यको लागि विनियोजित रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा नपुग हुने देखिएमा प्रदेश सरकार, अर्थ मन्त्रालयले बचत हुने अनुदान संख्याबाट नपुग हुने अनुदान संख्यामा रकमान्तर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकमान्तर गर्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान संख्यामा रकमान्तर गर्न, निकासा तथा खर्च लेख्न र चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(४) एउटै अनुदान संख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा प्रदेश सरकार, अर्थ मन्त्रालयले सम्बन्धित आयोजना तथा कार्यक्रममा शुरु विनियोजित रकमको शत प्रतिशतभन्दा बढी नहुने गरी आवश्यकतानुसार रकमान्तर गर्न सक्नेछ।

तर, बहुवर्षीय आयोजनामा विनियोजन भएको रकम अन्य बहुवर्षीय आयोजनामा बाहेक अन्यत्र रकमान्तर गरिने छैन।

(५) उपदफा (२), (३) र (४) बमोजिमको रकमान्तर अनिवार्य दायित्वको हकमा बाहेक चैत्र महिना अगाडि गरिने छैन।

(६) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन।

(७) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ मा विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा रकमान्तर गर्न र निकासा तथा खर्च जनाउन बाधा पर्ने छैन।

४. **अन्तर-सरकारी वित्तीय हस्तान्तरण:** (१) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश सरकार, अर्थ मन्त्रालयले निर्धारण गरे बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा भदौ २५ गते भित्र, कार्तिक २५ गते भित्र, माघ २५ गते भित्र र बैशाख २५ गते भित्र गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेमा र संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँट रकम कम प्राप्त भएमा प्रदेश सरकारले

उपदफा (२) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम पुनः निर्धारण गरी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा हस्तान्तरण गर्नेछ।

(४) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले आर्थिक वर्षको कार्तिक १५ गतेभित्र, माघ १५ गतेभित्र, बैशाख १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र तथा उपदफा (३) बमोजिम हस्तान्तरण भएको रकम र खर्च भएको रकमको विवरण प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान रकमको पचास प्रतिशत रकम भाद्र मसान्त वा विनियोजन भएको दुई महिनाभित्र स्थानीय तहको सञ्चित कोषमा र बाँकी पचास प्रतिशत रकम कार्य सम्पन्नताका आधारमा माग भए बमोजिम हस्तान्तरण गरिनेछ।

(६) उपदफा (४) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदानको बाँकी रकम स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्न प्रदेश सरकार, अर्थ मन्त्रालय बाध्य हुनेछैन।

५. **<u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगततर्फको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकाय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकार,

अर्थ मन्त्रालय तथा सम्बन्धित मन्त्रालयको पूर्व सहमति लिई माघ मसान्तभित्र लेखी आएमा गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयले त्यस्तो कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने अख्तियारी दिने गरी सहमति दिन सक्नेछ।

तर प्रशासनिक खर्च तथा चालुतर्फका कार्यक्रमको लागि नेपाल सरकारका निकायलाई कुनै रकम उपलब्ध गराइने छैन।

(२) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम कुनै स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई माघ मसान्तभित्र प्रदेश सरकार, अर्थ मन्त्रालयमा लेखी आएमा प्रदेश सरकार, अर्थ मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्न अख्तियारी दिने गरी सहमति दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम सहमति दिइएको जानकारी महालेखा परिक्षकको कार्यालय, नेपाल सरकारको सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम सहमति दिइएको जानकारी महालेखा परीक्षकको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(५) प्रदेश सरकारको कुनै विषयगत मन्त्रालय वा निकायको स्वीकृत वार्षिक कार्यक्रम अर्को मन्त्रालय वा निकायबाट कार्यान्वयन

गर्नुपर्ने भएमा कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालय वा निकायको पूर्व सहमति लिई माघ मसान्तभित्र प्रदेश सरकार, अर्थ मन्त्रालयमा लेखी आएमा प्रदेश सरकार, अर्थ मन्त्रालयले खर्च गर्ने अख्तियारीको लागि सहमति दिन सक्नेछ।

(६) यस ऐन बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रम बाहेक अन्य कुनै आयोजना तथा कार्यक्रम थप गरिने छैन।

तर, विपद् व्यवस्थापन, महामारी नियन्त्रण लगायतका आकस्मिक अनिवार्यता, प्रदेश सरकारको आन्तरिक स्रोत वृद्धिमा सकारात्मक प्रभाव पार्ने आयोजना तथा कार्यक्रमको हकमा यस ऐनद्वारा विनियोजित बजेटको परिधिभित्र रही प्रदेश सरकार, अर्थ मन्त्रालयले त्यस्तो आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी स्वीकृति दिन सक्नेछ।

(७) प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई समेत विचार गरी प्रदेश सरकार, अर्थ मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रूपमा रोक्का वा नियन्त्रण गर्न तथा समर्पण गराउन सक्नेछ।

(८) आर्थिक वर्षको वीचमा प्रदेश सरकारका नयाँ संगठन संरचना निर्माण भएमा साविककै बजेट उपशीर्षकवाट खर्च गर्ने अख्तियारी प्रदान गरिनेछ।

(९) प्रदेश सरकारवाट स्थानीय तह तथा प्रदेश सरकारका अन्य निकायहरुमा हस्तान्तरण भएका वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाँट बाहेक अन्य सवै किसिमका अनुदानवाट हस्तान्तरण हुने रकम मध्ये आर्थिक वर्षको अन्त्यसम्म खर्च हुन नसकी बाँकी रहेको रकम

आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने छ।

(१०) उपदफा (९) बमोजिम अनुदानको रकम फिर्ता नभएमा त्यस्तो रकम हस्तान्तरण हुने जुनसुकै अनुदान रकमवाट समायोजन गरिनेछ।

६. **<u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण:</u>** (१) यस ऐन बमोजिम संघ, प्रदेश वा स्थानीय तह मध्ये कुनै एक तह वा निकायको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तह वा निकायबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तह वा निकायको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तह वा निकायले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

७. **<u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको मिति देखि विनियोजन भएको रकम खर्च गर्ने अख्तियारी अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्बत् २०७९ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी स्वीकृतिका लागि प्रदेश सरकार, अर्थ मन्त्रालयमा पठाउनुपर्नेछ।

तर कुनै मनासिव कारणले सम्वन्धित निकायको प्रमुखले सम्बत् २०७९ साल असोज मसान्तभित्र बाँडफाँट गर्न नसकेमा सोको कारण खुलाई बाँडफाँटको लागि अनुरोध गरेमा प्रदेश सरकार, अर्थ मन्त्रालयले सम्वत् २०७९ साल कार्तिक मसान्तभित्र बाँडफाँट गर्न सक्नेछ।

(४) नेपाल सरकारबाट कुनै कार्यक्रम वा बजेट प्राप्त भएकोमा सम्बन्धित मन्त्रालयले बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी स्वीकृतिका लागि प्रदेश सरकार, अर्थ मन्त्रालयमा पठाउनुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(७) उपदफा (६) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा कार्तिक

मसान्तभित्र सम्बन्धित निकायको अनुरोधमा गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयले संसोधन गर्न सक्नेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सुरु विनियोजित कार्यक्रममा तात्विक फरक नपर्ने गरी कार्यक्रमको नाम र ठेगाना संशोधन गर्न सकिनेछ।

(९) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा वार्षिक लक्ष्य नघट्ने गरी सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ।

तर, राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी प्रमुख भएको निकायमा निजले चौमासिक विभाजनलाई संशोधन गर्न बाधा पुगेको मानिने छैन।

(१०) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी प्रदेश सरकारको स्रोततर्फ सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले प्रचलित कानूनको अधिनमा रही जुन खर्च शीर्षकको कार्यक्रममा थप रकमान्तर गरिने हो सो खर्च शीर्षकको सोही कार्यक्रममा शुरू विनियोजित रकमको पच्चीस प्रतिशतसम्म रकमान्तर गर्न सक्नेछ।

(११) उपदफा (८) र (९) बमोजिमको संशोधन र रकमान्तर सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले प्रदेश मन्त्रालयगत

बजेट सूचना प्रणालीमा प्रविष्ट गराई प्रदेश सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ र सोको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

८. **<u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश सरकारको अनुदानमा निर्माण गरिने सामुदायिक भवनको नाममा जग्गाको स्वामित्व हुनुपर्नेछ।

(२) स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कानून बनाउदा देहायका विषय पालन गर्नुपर्नेछ-

(क) नेपाल सरकार र प्रदेश सरकारको आर्थिक र वित्तीय नीति अनुसरण गर्ने,

(ख) अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्ने,

(ग) पूँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(घ) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरादायित्व ऐन,२०७८ तथा अन्य प्रचलिन कानूनको अनुसरण गर्ने।

९. **<u>सहमति लिनुपर्नेः</u>** प्रदेश सरकारका निकायहरुले सवारी साधन खरिद, कार्यालय सञ्चालनका लागि घर भाडा, अतिरिक्त समयको खाना तथा खाजा भत्ता, पाँच लाखभन्दा बढी लागत अनुमान भएका सफ्टवेयर खरिद तथा निर्माण, कानूनमा व्यवस्था भए बाहेकका अन्य भत्ता तथा थप

आर्थिक दायित्व सृजना हुने विषयमा निर्णय गर्दा प्रदेश सरकार, अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ।

१०. **<u>कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा प्रदेश सरकार, अर्थ मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ।

११. **<u>आदेश जारी गर्न सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

## अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

**गण्डकी प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र. स.** | **प्रदेश अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश सभा | ५६८४ | ० | ५६८४ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ४१५४ | ० | ४१५४ |
| ३ | ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | ६००० | ० | ६००० |
| ४ | ६०२ | अर्थ मन्त्रालय- फैसला वा आदेश बमोजिम तिर्नुपर्ने रकम | १००० | ० | १००० |
| | | जम्मा | **१६८३८** | ० | **१६८३८** |

## अनुसूची-२

(दफा २ र ३ सँग सम्बन्धित)

## गण्डकी प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तीय व्यवस्था | कुल बजेट |
| १ | २०२ | प्रदेश सभा | १४६५४७ | ७३२० | ० | १५३८६७ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | १२८१८२ | ७७६० | ० | १३५९४२ |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १४८८९ | १००० | ० | १५८८९ |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १०६७१६५ | ५८४०० | ० | ११२५५६५ |
| ५ | ३०५ | अर्थ मन्त्रालय | १५५२४६ | ५७३०० | ० | २१२५४६ |
| ६ | ३०७ | पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १८९९९३ | ४१४३९० | ० | ६०४३८३ |
| ७ | ३१२ | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय | २३२४०६६ | २०६१०० | ० | २५३०१६६ |
| ८ | ३१४ | कानून, संचार तथा प्रदेशसभा मामिला मन्त्रालय | ६४७७१ | १०३५०० | ० | १६८२७१ |
| ९ | ३१६ | आन्तरिक मामिला मन्त्रालय | १२७१०० | १००२०० | ० | २२७३०० |
| १० | ३२० | वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय | ५५७८७० | ३९५५१० | ० | ९५३३८० |
| ११ | ३३७ | भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | ३८८६९७ | १२५५२१५० | ० | १२९४०८४७ |
| १२ | ३४० | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | ३०४५०३ | ४७९७०८० | ० | ५१०१५८३ |
| १३ | ३५० | शिक्षा,संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | १५१३९१६ | ११७४२८६ | ० | २६८८२०२ |
| १४ | ३५१ | युवा तथा खेलकुद मन्त्रालय | १८७१५८ | १६८७५० | ० | ३५५९०८ |
| १५ | ३५५ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २२२५७२७ | ४९४४०० | ० | २७२०१२७ |
| १६ | ३९१ | प्रदेश नीति तथा योजना आयोग | ४१७८१ | २००० | ० | ४३७८१ |
| १७ | ५०१ | अर्थ- वित्तीय व्यवस्था | ० | ० | ५००००० | ५००००० |
| १८ | ६०१ | कर्मचारी सुविधा तथा सेवा निवृत सुविधा | ५००० | ० | ० | ५००० |
| १९ | ६०२ | अर्थ-विविध | १६९८४०५ | १६००००० | ० | ३२९८४०५ |
| २० | ८०१ | स्थानीय तह | २१११००० | ० | ० | २१११००० |
| | | जम्मा | १३२५२०१६ | २२१४०१४६ | ५००००० | ३५८९२१६२ |

## अनुसूची-३

## स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने रकम

(रू. हजारमा)

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| **अनुदानतर्फ** | | | |
| १ | वित्तीय समानीकरण अनुदान | ११६०००० | |
| २ | सशर्त/विशेष/समपूरक अनुदान | ९५१००० | |
| | जम्मा | २१११००० | |
| **राजस्व बाँडफाँटतर्फ** | | | |
| १ | राजस्व (सवारी साधन कर) बाँडफाँट | ७२०००० | |